# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड १ बुटवल, चैत्र २३ गते, २०७४ साल भाग संख्या ३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग १

### बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४

बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्नको निमित्त नेपालको संविधान वमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही संविधानको अनुसूची ८ र अनुसूची ९ बमोजिम तोकिएका बिषयमा आवश्यकता अनुसार नियमहरु बनाई लागू गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिमको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) र (२) को अधिनमा रही संविधानको धारा २२३ वमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभा ले यो ऐन बनाई लागू गरेको छ, ।

### परिच्छेद-१

### प्रारम्भिक

१.<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> :(१) यो ऐनको नाम बुटवल नगरकार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन बुटवल उप-महानगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ .

२. परिभाषा : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले बुटवल उप-महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले बुटवल नगरकार्यपालिका सम्झनु पर्छ।

(ग) "उप-महानगरपालिका"भन्नाले बुटवल उप-महानगरपालिका सम्झनुपर्छ।

(घ ) "वडा"भन्नाले बुटवल उप-महानगरपालिकाको वडा सम्झनुपर्छ।

(ङ) "सभा"भन्नाले संविधानको धारा २२३ वमोजिमको नगरसभा सम्झनु पर्छ।

(च) "संविधान"भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**परिच्छेद -२**

**३. नियम बनाउने नगर कार्यपालिकाकोअधिकार :** (१) संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम उप-महानगरपालिकाले आफ्नो सवै काम सुचारु रुपले सम्पादन गर्न र विभिन्न बिषय क्षेत्रगत कार्य जिम्मेवारी निर्वाह गर्न बिषय क्षेत्रगत इकाईहरुले अपनाउनु पर्ने सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नको निमित्त उप-महानगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा उप-महानगरपालिकाले संघीय तथा प्रदेश ऐन वमोजिमका बिषयमा समेत आवश्यकता अनुसार नियम बनाई लागू गर्न सक्नेछ।

**४. बचाउः** यो ऐन प्रारम्भ हुनु पूर्व बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा बनाई लागु गरिएका नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड आदि यसै ऐन बमोजिम भएको मानिनेछ।

**आज्ञाले**

प्रमाणीकरण मितिः २०७४/११/२३

**राजनकुमार बि.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**